**नीति जेसि - विद्यार्थी असाइमेन्ट**

डिस्ट्रिक्टका प्राथमिक, निम्न माध्यमिक र माध्यमिक विद्यालयका लागि उपस्थिति क्षेत्रहरू शिक्षा बोर्डद्वारा स्वीकृत गरिनेछ। उपस्थिति क्षेत्र स्थापना गर्नका लागि, उपलब्ध क्षमतासँग सहवर्ती हुने गरी निम्न कुराहरूलाई ध्यान दिइनेछ : बच्चालाई घर नजिकको विद्यालय जाने अवसर प्रदान, प्रमुख सडकहरू र जोखिमहरू, भौगोलिक विशेषताहरू, क्षेत्रभित्र क्षमताको समानीकरण, तात्कालिन सीमाहरू र विद्यार्थी विविधता। विद्यार्थीहरूले निम्न अवस्थामा बाहेक आफ्नो बसोवास क्षेत्रलाई सेवा दिने विद्यालय भर्ना हुनु पर्नेछः

१. शिक्षा बोर्डले प्रतिबद्धता (रिसोल्युसन) २९०८ मा व्यक्त भएको केन्द्रीय मूल्यसँग सहवर्ती हुनेगरी छनौटलाई विस्तार गर्न चाहेको छ, जसले विद्यार्थीको सम्पादन सुधार्नका लागि अवसरहरू सिर्जना गर्छ, डेनभर विद्यार्थी र परिवारका आवश्यकताहरूलाई राम्ररी सम्बोधन गर्छ, र उपलब्ध डिस्ट्रिक्टव्यापी स्रोतहरूभित्र रहेर धेरै डेनभर परिवारहरूलाई आफ्नो डेनभर पब्लिक स्कूल छनोट गर्न प्रोत्साहित गर्छ। छनोट प्रोत्साहित गर्नका लागि, स्थापित प्रक्रिया अनुसार आवेदन गरिएमा, विद्यार्थीहरूले कुनै पनि कार्यक्रमका लागि स्थान, उपलब्धता र योग्यताका आधारमा कुनै पनि डिस्ट्रिक्ट विद्यालयमा भर्ना लिन सक्नेछन्।

२. विद्यालय डिस्ट्रिक्टले निम्नलिखित सहित विविध कारणका लागि विद्यार्थीहरूलाई असाइन र पुनः असाइन गर्नसक्नेछ :

- स्वास्थ्य र सुरक्षाका कारण
- अनुशासनात्मक कारण
- कार्यक्रम सहभागिता
- अदालती आदेश वा सामाजिक सेवा विभाग अनुरोधहरू
- स्थान उपलब्धता

३. विद्यार्थीहरूले स्वेच्छिक छनौटका आधारमा म्याग्नेट र चार्टर विद्यालय साथै सुदृढिकृत शैक्षिक अवसरहरू र समाकलन प्रबर्धन गर्न स्थापित गरिएका कार्यक्रमहरूमा भाग लिन सक्नेछन्। सुपरिन्टेन्डेन्टले यस नीतिको कार्यान्वयनका लागि प्रक्रिया र समयावधि घोषणा गर्नेछन्।

स्वीकृत मे, ५ १९६४
परिमार्जित मार्च १५, १९७३
परिमार्जित नोभेम्बर २५, १९८०
परिमार्जित फेब्रुअरी १७, १९९४
परिमार्जित फेब्रुअरी २०, १९९६
परिमार्जित जनवरी २७, २००५
परिमार्जित जुन ३०, २०१०

कानुनी सन्दर्भ : सि.आ.एस. २२–३२–११०(१)(एम)
पुनसर्थापन : नीति जेएफबिए, जिल्ला-भित्रको छनोट/खुला भर्ना
जेएफबिडि-आर १ म्याग्नेट विद्यालय कार्यक्रमहरू
आइएचबिएचबि म्याग्नेट विद्यालयहरू
क्रस सन्दर्भ : इइएए, हिडेर आउने र गाडि चढेर आउने

कानुनी सन्दर्भ : सि.आ.एस. २२–३२–११०(१)(एम)
पुनसर्थापन : नीति जेएफबिए, जिल्ला-भित्रको छनोट/खुला भर्ना
जेएफबिडि-आर १ म्याग्नेट विद्यालय कार्यक्रमहरू
आइएचबिएचबि म्याग्नेट विद्यालयहरू
क्रस सन्दर्भ : इइएए, हिडेर आउने र गाडि चढेर आउने